म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ७५ २०८० माघ १९ गते शुक्रबार 2 February 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं
भूकम्पका कारण:
- घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ ।
- विद्युत तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्दछ ।

त्यसैले,
- घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं ।
- घर वरिपरी तथा सार्वजनिक स्थल खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विकास सुनिश्चित छः प्रदेश प्रमुख शर्मा

समाज संवाददाता



हेटौंडाः बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले देशमा विकास सुनिश्चित रहेको बताउनुभएको छ । बिहीबार बागमती प्रदेशसभाको छैटौं वार्षिक उत्सव समारोहलाई सम्बोधन गर्दै प्रदेश प्रमुख शर्माले विकासको गति केही ढिला भए पनि गन्तव्य पनि सुनिश्चित रहेको बताउनु भएको हो ।

प्रदेशमा लामो समयसम्म संसदीय समितिहरु बन्न नसक्नु, कार्यसम्पादनमा अवरोध तथा ढिलासुस्ती हुनु र जिम्मेवारी बोधको अभाव हुनु सुखद् संकेत नभएको बताउँदै संसदका समस्याहरु समाधान गर्दै निरन्तरता दिन जरुरी रहेको बताउनुभयो । उचित समयमा बाञ्छित परिणाम नपाउँदा विश्वासको संकट र भरोशामा ह्रास आउन सक्ने भएकाले समयमा कार्य गर्न जोड दिनुभयो ।

वर्तमान भविष्य निर्माणको आधार भएकाले आवश्यकता पहिचान गरी आवश्यक परे थप अन्य कानुन निर्माणको प्रक्रियालाई तीव्रता दिन संसद पूर्ण क्रियाशील रहनुपर्नेमा जोड दिनुभयो । नेपाली जनताले वसन्त क्रान्तिको जगमा खडा गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई कुनै शक्तिले पनि ढाल्न नसक्ने उहाँले बताउनुभयो ।

समग्र उपलब्धीको संरक्षण र सम्वर्द्धन सबै मिलेर गर्नुपर्ने भएकाले सिद्धान्तपथमा यात्रीका रुपमा अघि बढ्न जरुरी रहेको उहाँको भनाइ छ । प्रदेशमा रहेका विकासका प्रशस्त सम्भावनाहरु उजागर गर्दै यथोचित अन्वेषण र उन्नयनमा लाग्न जरुरी रहेको बताउनुभयो । निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन, खाद्यान्नमा आत्मनिर्भरता हुँदै शिक्षा र स्वास्थ्यमा हुने व्यापारीकरण नियन्त्रण गरेर आर्थिक अवस्थामा सुधार ल्याउन सम्भव रहेको उहाँको भनाइ छ ।

विकास र समृद्धिको समस्या सरकार र प्रतिपक्षको साझा भएको टिप्पणी गर्दै संवाद, सहमति र सहकार्यबाट अघि बढ्न जरुरी रहेहको प्रदेश प्रमुख शर्माले बताउनुभयो । उहाँले प्रदेशसभाले आगामी दिनमा उद्योग व्यवसायको स्थापना र प्रवर्द्धन, विकास र उत्थान गर्नसक्ने नीति तथा कार्यक्रम तर्जुमा गर्न जरुरी रहेकोमा जोड दिनुभयो ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश समृद्धिको स्पष्ट नीति नहुँदा समस्या भएको बताउनुभएको छ । संघीय र प्रदेशको नीति अभावका कारणले समृद्धि यात्रा स्पष्ट नभएको बताउनुभयो । संघीय सरकारको ऐन स्पष्ट नहुँदा प्रदेशमा काम गर्न असहज भएको बताउँदै उहाँले भन्नुभयो, 'ऐन निर्माण स्पष्ट भएको छैन, हालसम्म सरकारमा जानेहरुले पनि नयाँ कानुन बनाउन नसकेको, पुरानै कानुन ऐनमा चल्दै गएको छ ।' वर्तमान सरकारले प्रदेशमा समृद्धि र विकासका लागि कार्य गरिरहेको दावी गर्नुभयो । पछिल्लो समय सरकारको आलोचना तिव्र भइरहेकाले वर्तमान सरकारले कुराले नभई काम गरेर जवाफ दिने उहाँको भनाइ छ । सरकारले पञ्चवर्षीय योजना लिएर काम गर्ने चरणमा रहेको बताउँदै प्रदेश सरकारले भौतिक पूर्वाधार क्षेत्रमा ५० लाखभन्दा कमका योजनाहरु स्थानीय सरकारलाई पठाउने र सोभन्दा माथिका योजनालाई पूर्वाधार तथा सडक, पुल निर्माणसम्बधी नीति निर्माण गरेर अघि बढ्ने तयारी गरेको मुख्यमन्त्री जम्कट्टेलले बताउनुभयो ।

जनताले वर्तमान व्यवस्थाको विकल्प नखोजेको भन्दै सरकार सिस्टमको अधिनमा नै रहेर काम गरिरहेको उहाँको भनाइ छ । प्रदेश सरकारको ठूलो हिस्सा पूर्वाधार विकासमा लगानी भइरहेको र त्यसमा आफूलाई गर्व रहेको उहाँले दाबी गर्नुभयो । प्रदेश सरकारले सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारका लागि आवासीय मोडलमा सञ्चालन गर्ने नीति अवलम्बन गर्ने तयारी गरेको उहाँको भनाइ छ ।

प्रदेशका नागरिकहरुलाई व्यवहारिक सीप प्रदान गर्न सरकारले सिटीईभीटीका प्राविधिक कोर्सहरुलाई माध्यमिक विद्यालयस्तरमा ल्याउने गरी अघि बढेको उहाँको भनाइ छ । सार्वजनिक विश्वविद्यालय स्थापनाको लागि प्रदेश सरकार अन्तिम तयारीमा रहेको उहाँले बताउनुभयो । कृषि क्षेत्रको रुपान्तरणका लागि सरकारले समुदायमा आधारित उत्पादन मोडलमा रहेर कृषक, सहकारी र सरकारलाई जोड्ने गरी काम अघि बढाएको उहाँले बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामाले जनताको मुलभूत सिद्धान्तलाई आधार मानेर प्रदेश सरकारले कार्य गरेको बताउनुभयो । सरकारले सबै जनताको अधिकार सुनिश्चित गर्ने आकांक्षाअनुसार कानुन निर्माण गरेको बताउनुभयो । सरकारले अधुरो योजना पूर्ति गर्दै गएकाले नयाँ निर्माणको कार्यमा बजेट विनियोजन गर्न असफल भएको धारणा राख्नुभयो । सरकार निर्माणमा सबैको महत्वपूर्ण भूमिका रहने भएकाले सबै मिलेर जान आवश्यक रहेकोमा जोड दिँदै आक्षेप लगाउने भन्दा पनि सकारात्मक सोच राखेर जानुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रमुख प्रतिपक्ष दलका नेता जेएन थपलियाले सरकारलाई जनताप्रति उत्तरदायी बनाउनुपर्ने बताउनुभयो । प्रदेश सरकार निर्माण भएको ५-६ वर्ष बितिसक्दा पनि सरकारले कर्मचारी व्यवस्थापन, प्रहरी समायोजन गर्न नसक्नु, प्रदेशसभाको भवन निर्माण कार्य नसक्नु सरकारको चुनौती भएको बताउनुभयो । उहाँले वर्तमान सरकार सत्तामा भएको वर्ष बित्दासमेत प्रभावकारी काम हुन नसकेकाले सरकारले आफूले गरेको कार्यको समीक्षा गर्न आवश्यक रहेको बताउनुभयो ।

प्रदेश सरकार जनताप्रति उत्तरदायी नभएको उहाँको आरोप छ । सरकारले मन्त्रालय बढाउने, हरेक मन्त्रालयको टेण्डरमा भ्रष्टाचार गर्ने काममात्र गरेको उहाँको आरोप छ । प्रदेश सरकारले प्रतिपक्षी दललाई छलफलमा ल्याउन नसकेको बताउँदै सरकार सञ्चालनको तौरतरिका निरंकुश शैलीमा भएको उहाँको भनाइ छ ।

# छोराको विवाहको अवसरमा बुद्ध मूर्ति स्थापना




कुश्माण्ड त्रिवेणीधाममा बुद्धको मूर्ति अनावरण गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरका अग्रज पत्रकार प्रताप विष्टले आफ्नो छोराको विवाहउत्सवको अवसरमा हेटौंडा-९ स्थित कुश्माण्ड त्रिवेणीधाममा भगवान बुद्धको मूर्ति निर्माण गर्नुभएको छ । कान्छो छोरा डा. घोषणा विष्टको विवाहको अवसर पारेर ५ फिट धातुको बुद्ध मूर्ति स्थापना गर्नुभएको हो । बिष्टका कान्छा छोरा डा. घोषणाको बुधबार हेटौंडा-९ निवासी सुजाता कार्कीसँग विवाह समारोह सकिएको भोलिपल्ट नै बिहिबार नव-बरबधुले परिवार, आफन्त र आमन्त्रितको उपस्थितिमा बुद्ध मूर्तिको अनावरण गरेका छन् ।

विवाहमा भोजको आयोजना नगरी विष्ट परिवारले १३ लाख रुपैयाँ लागतमा बुद्ध मूर्ति स्थापना गरिएको हो । पत्रकार विष्टले जेठो छोरा बिहङ्गम बिष्टको विवाहमा भने हेटौंडा-९ स्थित मानवसेवा आश्रमको भवनको एक कोठा निर्माणका लागि पाँच लाख ११ हजार एक सय ११ रुपैयाँ सहयोग गर्नुभएको थियो ।

परिवारमा महत्वपूर्ण कर्मको अवसरमा सामाजिक सेवा र समाजमा सकारात्मक काम गर्ने उद्देश्यले फरक काम गरेको विष्टको भनाइ छ । विष्ट परिवारको अभ्यासलाई सबै क्षेत्रले प्रशंसा गरेका छन् । बुद्ध मूर्ति अनावरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीना कुमारी लामा, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाई, हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, हेटौंडा उपमहानगर पालिकाका वडाअध्यक्षहरुको पनि उपस्थिति रहेको थियो ।






समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

## सम्पादकीय

# मानव बेचविखनको अन्त्य

कुनै पनि व्यक्तिलाई प्रलोभनमा पारी, झुक्याई, डरत्रास देखाई उसको इच्छाविपरीत कुनै न कुनै रुपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले जबरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई नै मानव बेचबिखन भनिन्छ । शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी, जालसाजी गरी, छलछाम गरी मानिसलाई ओसारपसार, स्थानान्तरण, प्राप्त गर्नु, भर्ना गर्नु वा आश्रय दिनु मानव बेचविखन र ओसारपसारअन्तर्गत् पर्दछ । पद वा जोखिम अवस्थाको दुरुपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्न कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनेदिने अवस्थासमेत यसअन्तर्गत् पर्दछ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार कुनै उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र वेश्यागमन गर्ने कार्य मानव बेचविखन हो । मानवको बेचबिखन तथा ओसारपसार बालश्रम, बाल दासत्व, धर्मपुत्र धर्मपुत्री, बालविवाह, बँधुवा श्रम तथा दासत्व, मानव अङ्ग प्रत्यारोपण, यौन दासत्व, व्यावसायिक यौन शोषण, गैरकानुनी आप्रवासन आदि कार्यका लागि हुने गरेको छ ।

पछिल्लो समय नयाँ–नयाँ रुपमा भइरहेको मानव बेचविखन तथा ओसारपसारलाई न्यूनीकरण गर्न तीनै तहको सरकार क्रियाशील बनिरहेको छ । बागमती प्रदेश सरकारले मानव बेचविखन तथा ओसारपसारविरुद्धको प्रदेशस्तरीय संरक्षण नीति बनाइएको छ । बालबालिकादेखि वयस्कसम्म बेचविखन तथा ओसारपसारको उच्च जोखिम रहेको बागमती प्रदेशलाई मानव बेचविखन तथा ओसारपसारमुक्त प्रदेश बनाउन नीति लागू गरिएको हो । देशभित्र तथा बाहिर हुने श्रमलगायतका शोषणको जोखिमलाई मध्यनजर गर्दै महिला तथा बालबालिकालक्षित मनोसामाजिक, आर्थिक तथा कानुनी सचेतनाका कार्यक्रम सञ्चालन गर्नु आवश्यक बनेको छ । बेचविखनमा परेकाको उद्धार गरे पुन: स्थापना र पुन: मिलनका कार्यक्रमलाई जोड दिनुपर्छ । पछिल्लो समय मानव बेचविखनको स्वरुप बदलिँदै गइरहेको अवस्थामा परम्परागत सोच र प्रक्रियाबाट यसको अन्त्य सम्भव देखिँदैन । पहिलाभन्दा फरक ढङ्गले मानव बेचविखन तथा ओसारपसार भइरहेकाले यसको न्यूनीकरण र अन्त्यका लागि सबै पक्षको सक्रियता हुनु पर्दछ ।

मानव बेचविखन तथा ओसारपसारको अन्त्य गर्न सरकारले विभिन्न ऐन, नियम, नीति, निर्देशिका बनाएको र सन्धि, महासन्धिमा हस्ताक्षर गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । २०२० सालमा जारी नयाँ मुलुकी ऐनमा मानिसको बेचबिखनलाई अपराध मानी विभिन्न सजाय तोकिएको थियो । विसं २०४३ मा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन जारी गरिएको थियो । उक्त ऐनलाई खारेज गर्दै २०६४ सालमा बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन ल्याइयो । त्यसअनुसारको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ सालमा जारी भयो । राष्ट्रिय कार्ययोजना, २०६८ तथा यसको कार्यान्वयन योजना, २०७१ बनाई लागू गरियो । मानव बेचबिखनलाई निषेध गर्न नेपालको संविधान २०७२ को धारा २९ को शोषणविरुद्धको हकअन्तर्गत् कसैलाई पनि बेचविखन गर्न, दास वा बँधुवा बनाउन पाइनेछैन भन्ने उल्लेख गरिएको छ भने धारा ३८ को महिलाको हक र धारा ३९ को बालबालिकाको हकको व्यवस्थाबाट पनि मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई निषेध गरिएको छ ।

मानव बेचविखन तथा ओसारपसारजस्तो जघन्य अपराधलाई नियन्त्रण गर्न सबै पक्षको सक्रियता आवश्यक पर्दछ । तीनै तहको सरकार र विभिन्न संघसंस्थाको सहकार्यबाट मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको अधिकतम प्रयास हुनुपर्छ । मानिसमा मानवीयभन्दा बढी दानवीय व्यवहार हाबी हुँदा मानव बेचविखन र ओसारपसारको समस्या बढ्दै गएको छ । मानव बेचविखन एउटा डरलाग्दो समस्याका रुपमा हेरिन थालिएका कारण बेलैमा यसको अन्त्यका लागि आवश्यक कार्य गर्नुपर्छ । यसका लागि बागमती प्रदेश सरकारले नीति निर्माण गरी आवश्यक कार्य गर्ने चासो देखाउनुलाई सकारात्मक मान्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक प्रयोजनका काममा सरिक भइनेछ ।
**वृष** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**मिथुन** : आध्यात्मिक कामबाट मनमा सन्तुष्टि होला ।
**कर्कट** : मनबाट अनावश्यक शंका हटाउँदा राम्रो ।
**सिंह** : सामाजिक र धार्मिक काममा क्षेत्रका काममा सरिक ।
**कन्या** : पढाई–लेखाई मध्यमकारक रहने छ ।
**तुला** : सामाजिक र धार्मिक यात्रामा सरिक भइने छ ।
**वृश्चिक** : सहकर्मीहरुसँग असमझदारी बढ्न सक्ने छ ।
**धनु** : आध्यात्मिक तथा परोपकारमा सरिक भइने छ ।
**मकर** : रमझम र भेटघाटमा समय व्यतित होला ।
**कुम्भ** : धार्मिक कृत्यमा सरिक भइने समय छ ।
**मीन** : पठनपाठनका क्षेत्रबाट लाभ प्राप्त हुने समय छ ।

# स्थानीय मौलिक सीप: धिपधिप



✍ शिवराज खड्का

हाम्रा बाजेबराजुको पुस्तौंपुस्तादेखि आफ्नै अनुभवले आर्जन तथा संरक्षण गरिँदै पुस्तान्तरण हुँदै आएको ज्ञान, सीप र प्रविधिहरु हाम्रा समुदायमा पर्याप्त छन्, जुन अति महत्वपूर्ण छन् । स्थानीय सीप भनेको हाम्रा मौलिक सम्पत्ति र रोजगारीको पहिलो आधार पनि हो । तिनीहरुको व्यवसायीकरण गर्दै जानुपर्नेमा बेवास्ता गरिनुले लोप हुँदै गएका छन्, जुन चिन्ताको विषय हो ।

पराल, मकैको खोस्टाबाट बुनिने गुन्द्री, चकटीको ठाउँ विदेशी गलैँचाले लिन थाले, प्लास्टिकका कुर्सीले ओगटे । हिमाली भेगमा बुनिने राडीपाखी अहिलेका पुस्तालाई कथाजस्तो हुन थालिसक्यो । अहिले ती सबै कुरा क्रमिक रुपमा हराउँदै जान थालेका छन् । कृषि उत्पादन, पशुपालन, संगीत, गायन, नृत्य, खेल, चित्रकला, मूर्ति निर्माण, डिजाइनहरू निर्माण गर्ने हुन् वा स्थानीय जडीबुटीको प्रयोग, आरनमा भाँडा बनाउने, स्थानीय पोसाक, माटाका भाँडा निर्माण गर्ने, डाला, नाङ्ला, सुपा, भकारी, डोका, नाम्ला बुन्ने, काठका ठेकी, विभिन्न भाँडा र आकार निर्माण गर्ने, कलाकृतिहरू निर्माण गर्नेलगायत धेरै किसिम र क्षेत्रका ज्ञान-सीप, प्रविधि हाम्रा समुदायका सीप र सम्पत्ति हुन् ।

उहिले-उहिले आफ्ना आवश्यकता प्रायः स्थानीय तहमै कुनै न कुनै विधि, विकल्प अपनाएर स्थानीय स्रोतसाधनको प्रयोग गरी पूरा गरिन्थ्यो । स्थानीय सीपहरू खानाका परिकार बनाउने, स्थानीय स्रोत-साधन प्रयोग गर्नेजस्तो सालका पात गाँसेर दुना-टपरी बनाउने, रूखका लोकता निकालेर दाम्ला, डोरी, नाम्ला बनाउने, लोकताबाट कपडा बनाउने, स्थानीय रुख-बिरुवा, जडीबुटीबाट औषधि निर्माण गर्नेजस्ता जीवनका लागि अत्यावश्यक ज्ञान-सीप छन् । ती अहिले नयाँ तथा युवा पुस्तामा नसर्ने अवस्था सिर्जना भएको छ ।

आयातित ज्ञान, सीपभन्दा पुस्तौंपुस्ता खारिएका र हस्तान्तरण हुँदै आएका आफ्नै पुर्खाले आर्जन गरेका ज्ञान, सीप महत्वपूर्ण हुन सक्छन् । वर्तमान विश्व परिप्रेक्ष्यमा हाम्रो विकासको अधिकतम स्रोत भन्नु हाम्रो आफ्नो परम्परागत ज्ञान र प्रविधि नै हो । परम्परागत रूपमा नै एक पुस्ताबाट अर्को पुस्ता गरी सर्दै आएका यस्ता परम्परागत ज्ञान र प्रविधिप्रति बढ्दै गएको नकारात्मक धारणाले गर्दा हाम्रा स्थानीय रोजगारी र व्यावसायिकता पनि हराउँदै गएका छन् । परम्परागत रूपमा आर्जित ज्ञान, सीप, प्रविधि संरक्षण नगर्ने हो भने नयाँ पुस्तालाई समस्या उत्पन्न हुन सक्छ ।

यस्ता ज्ञान, सीप र प्रविधिहरूलाई युवाबीच हस्तान्तरण गर्नु अति नै आवश्यक छ । जुन समाजले आफ्ना परम्परागत मूल्य, ज्ञान-सीप, प्रविधि जोगाएर राख्न सक्छ र अन्य समाजबाट पनि सिक्ने प्रयास गर्छ, परम्परागत ज्ञानलाई आधुनिकीकरण गर्छ भने त्यस्तो समाजले नै विकासमा फड्को मार्न सक्छ । हाम्रो देशमा १ सय २५ भन्दा बढी जातजाति र १ सय २३ भन्दा बढी भाषाभाषी रहेका छन् । जातजातिअनुसार यही सानो भूगोलभित्र पनि प्राकृतिक स्रोतको उपयोग, खाद्यवस्तुको उपभोगदेखि लिएर औषधिमूलोसम्म आआफ्नै प्रयोगका अनुभवहरु छन् । अरुका राम्रा पक्ष सिक्ने, स्थानीय ज्ञानलाई विश्वव्यापी बनाउने र विश्वव्यापी ज्ञानलाई आफ्नो स्थानीय ज्ञानमा जोड्ने कार्य गर्न सकियो भने हाम्रो समाज पनि तलैदेखि बलियो हुन, आफैंमा धानिने खालको अर्थतत्र विकास गर्न र समृद्धि बन्न सक्छ भन्ने कुरामा कुनै शंका छैन ।



आधुनिक प्रविधिबाट बनेका सामग्रीको प्रयोगका साथै परनिर्भर बन्दा स्थानीय सीप ओझेलमा पर्न थालेका हुन् । स्थानीय उत्पादनको आफ्नै महत्व छ । स्थानीय उत्पादनको ब्रान्डीकरण र त्यसको बजारीकरण हुन सकेमा त्यो आम्दानीमा परिणत हुन्छ । अहिलेको आवश्यकता स्थानीय उत्पादनको बढावा र त्यसको बजारीकरण हो । त्यसको महत्व स्थानीय समुदाय र राज्यले पनि बुझ्नुपर्छ । त्यसको पहिलो सुरुवात स्थानीय सरकारले स्थानीय स्तरबाट सुरु गर्नु जरुरी छ । जसले गर्दा तल्लो स्तरमा आयआर्जन बढ्नेछ भने राज्यलाई कर पनि जानेछ । नाकाबन्दी हुँदा, कोरोनाले आक्रान्त पार्दा बाहिरी वस्तु आयात नहुँदा भएको हाहाकारको अवस्था स्थानीय उत्पादन प्रयोग बढाएको भए कम हुने निश्चित थियो । तर, त्यो अवस्थाको आकलन कहींकतैबाट नहुँदा विभिन्न समस्या नेपाली नागरिकले भोगिरहनुपर्यो ।

अब स्थानीय उत्पादन बढाउन सक्नुपर्छ । स्थानीय उत्पादनको उपभोग, प्रवर्द्धन र बजारीकरण एक-अर्को स्थानीय तहबीच पनि गर्न सकिन्छ । रैथाने सीपलाई उद्यमशील बनाउने, उद्यमलाई विकास गर्दै उत्पादनमा गुणस्तरीयता, आकर्षक प्याकेजिङ तथा प्रवर्द्धनको चक्रबाट अन्तर्राष्ट्रिय बजारमा पुर्याउन सम्भावित अन्तर्राष्ट्रिय बजार पहुँचको अध्ययन गर्न सके व्यापार सञ्जाल बढ्नेछ । यसबाट समग्र आयमा वृद्धि हुनेछ । जीवनशैलीमा परिवर्तन आउनेछ । उद्यम गर्ने शैलीमा सुधार भएर सहज हुनेछ । स्थानीय स्तरका उत्पादन र तिनको औद्योगीकरण एवं बजारीकरणमा पनि निजी क्षेत्रलाई संलग्न गराउने खालका नीति-नियमहरूमा आवश्यक परिमार्जन गरी अघि बढ्न सकेमा यसबाट राष्ट्रिय उत्पादकत्वमा धेरै सहयोग पुग्छ । जस्तो कि, रामेछाप र सिन्धुलीमा जुनारलगायतका कृषि उत्पादन हुन्छन्, तर कृषकहरूको फुटकर उत्पादनले यथोचित बजार पाउन सकेको छैन । त्यसैले यस्ता कृषि उपजलाई संस्थागत उत्पादन र बजारीकरण गर्न सके कृषक र उपभोक्ता दुवैलाई लाभ पुग्नेछ ।

दिगो विकासका लागि स्थानीय स्रोतसाधन संरक्षण, प्रवर्द्धन गर्न, विकासमा स्थानीय समुदायको सहभागिता वृद्धि गर्न, स्थानीय समुदायको विकासमा स्वामित्व कायम गर्न र समुदायको विकासका लागि स्थानीय ज्ञान, सीप र प्रविधिको ठूलो महत्व हुन्छ । ज्ञान व्यवस्थापनका दृष्टिले पनि स्थानीय ज्ञान, सीप र प्रविधि संरक्षण गरिनु आवश्यक छ । यसका लागि स्थानीय परम्परागत ज्ञानमा विज्ञान खोज्ने, आधुनिक विज्ञानलाई स्थानीय ज्ञान, सीप र प्रविधिमा मिसाउने, अन्य स्थानका ज्ञान-सीपसँग तुलना गरेर हेर्ने, आफ्ना समाजका ज्ञान, सीपलाई परिमार्जन गर्ने, परिष्कृत गर्ने, प्रबोधीकरण गर्ने गर्नु पनि उत्तिकै आवश्यक छ । यस्ता कार्यले समुदायको आयस्रोत वृद्धि मात्र हुँदैन, नयाँ पुस्तामा आफ्नो समुदायले प्राप्त गरेका ज्ञान, सीप हस्तान्तरण हुँदै पनि जान्छन्, अनि स्थानीय समुदाय स्वावलम्बी हुन सहयोग पुग्छ ।

स्थानीय नागरिकलाई सीपयुक्त बनाई स्थानीय नागरिकले नै गर्न सक्ने काम उनीहरूले नै गर्ने गरी स्थानीय सरकारले नीति तथा कार्यक्रम बनाउनुपर्छ । स्थानीय सरकारले स्थानीयलाई मैनबत्ती, अल्लो प्रशोधन, बाँसका सामग्री उत्पादन, ढाका बुनाइ, कुचो उत्पादन, मौरीपालन तथा मह प्रशोधन उद्योग सञ्चालन गर्न प्रेरित गर्नुपर्छ । त्यस्तै माटोका भाँडा बनाउने, अगरबत्ती उद्योग, हस्तकला उद्योग, हाउस वायरिङ, प्लम्बिङ, स्यानिटरीको काम गर्न सकिन्छ । मोबाइल मर्मत पसल, धातुजन्य उद्योग स्थापना र जुटको झोला बुनाइ उद्योग सञ्चालन गर्न सकिन्छ । आधुनिक प्रविधिबाट बनेका सामग्रीको प्रयोगका साथै परनिर्भर बन्दा स्थानीय सीप ओझेलमा पर्न थालेका हुन् । सरकारले युवाका लागि रोजगारीको अवसर प्रदान गर्न ग्रामीण तहसम्म नै विशेष योजना ल्याउनुपर्छ । स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित भएर साना उद्योग तथा व्यवसाय सञ्चालन गर्नेलाई ॠण सहयोग गर्ने, कर छुट गर्ने, उत्पादित वस्तुको बजारीकरणमा सहयोग गर्नेजस्ता कार्य पनि गर्न सकिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (ज) को १८ नम्बरमा स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने दायित्व र अधिकार स्थानीय तह तथा नगरपालिका र गाउँपालिकालाई सुम्पेको छ । विगतमा स्थानीय ज्ञान, सीप र प्रविधि संरक्षणका लागि खासै काम भएको पाइँदैन । विकासको गतिमा आफ्ना पुर्खाहरूले आर्जन गरेका अमूल्य ज्ञान, सीप, प्रविधि हराएर जाने हुन् कि, आफ्नै ज्ञान-सीप अरू कसैमार्फत सिक्नुपर्ने हो कि भन्ने डर पनि उत्पन्न हुँदै छ । स्थानीय तहले स्थानीय ज्ञान-सीप प्रविधि संकलन, संरक्षण, विकास, प्रयोग तथा बौद्धिक सम्पत्तिका रूपमा दर्ता गर्ने, डकुमेन्ट्री निर्माण गर्ने, त्यस्ता ज्ञान-सीप-प्रविधि समेटेर पुस्तक प्रकाशन गर्ने, सञ्चार माध्यममा प्रचारप्रसार गर्ने, विद्यार्थी तथा युवाबीच त्यस्ता ज्ञान, सीप, प्रविधि प्रयोगको प्रतियोगिता गराउने, युवाका लागि स्थानीय ज्ञान, सीप र प्रविधिका ज्ञाताहरुबाट तालिम सञ्चालन गराउन सकिन्छ ।

त्यस्ता ज्ञान, सीप र प्रविधिको प्रदर्शनी गरी युवा पुस्तामा प्रवर्द्धन गर्ने काम पनि गर्न सकिन्छ । कुनै न कुनै रुपमा यस्ता कुरालाई अभिलेखीकरण गर्न जरुरी छ । त्यसका लागि स्थानीय सरकारले स्थानीय ज्ञान, सीप र प्रविधि संकलन, संरक्षण र प्रवर्द्धन गर्न अनुभवी व्यक्ति समेटेर समिति निर्माण गर्न सक्छ । विज्ञहरुको सहयोगमा स्थानीय ज्ञान, सीप र प्रविधि संकलन, संरक्षण र प्रवर्द्धन सम्बन्धमा नीति, योजना निर्माण गर्ने, कार्ययोजनाहरु बनाई लागू गर्न सक्छ । ज्ञान, सीप र प्रविधि संकलन, संरक्षण र प्रवर्द्धन स्रोतकेन्द्र निर्माण गर्न पनि सम्भव हुन सक्छ ।

राज्यले परम्परागत ज्ञान संरक्षणको वातावरण तयार पारी सम्पूर्ण समुदायले साथ दिनुपर्छ । परम्परागत ज्ञानको स्रोत समुदाय र व्यक्ति रहेको हुनाले यसको संरक्षण तथा अभिलेखीकरण गरेमा अधिकतम फाइदा पनि समुदायलाई र हन्छ । छरपस्ट रहेका हाम्रा परम्परागत तौरतरिका, सीप, कला, सिर्जना र प्रविधिको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो र आजको आवश्यकता पनि । नत्र मौलिकता नासिने चिन्तासँगै गाउँमा बसेर दुई-चार पैसा आम्दानी गर्नेहरूलाई पनि बेरोजगारीले गाँज्न थालेको छ । होइन भने आफ्नै वरपरका सामान प्रयोग गरी बनाइने सामानहरूमा पनि अर्काको भर पर्न थालिसक्यौं । परिणामतः परम्परागत डोको, नाम्लो, डालोहरू पनि प्लास्टिकका आउन थाले । हामी त्यसलाई उपयोग गर्दै गयौं । यसले गर्दा हातले चोया काट्ने, डोको, नाम्लो, दाम्लो, ढकिया बुन्ने, ठेकी बनाउने सीप मात्रै मारेन, गोजीको पैसा बाहिर जान थाल्यो । आधुनिकताको नाममा आएका यस्ता सामानले वातावरणीय प्रदूषणमा पनि योगदान दिए । हामीले गाउँगाउँमा प्लास्टिक पुर्यायौं, मौलिकता नास्यौं र परनिर्भरताको यात्रा तय गर्न थाल्यौं । यो दुर्भाग्यपूर्ण हो ।

परम्परागत पेसा धानेकाहरूलाई, मौलिकताको संरक्षणमा खटिएकाहरूलाई राज्यले उचित संरक्षण गर्नुपर्छ । उनीहरुलाई अनुदानको व्यवस्था, कच्चा पदार्थको उपलब्धता र बजारको व्यवस्था गरि दिनुपर्छ । त्यति मात्र नभएर त्यही सामान उत्पादनका लागि आवश्यक पर्ने आधुनिक उपकरणको व्यवस्था गर्न पनि राज्य पछि पर्नु हुँदैन । परम्परामा प्रविधि मिसाउँदा सामानहरु आकर्षक हुन्छन्, लागत घट्छ । जसले गर्दा मौलिक परम्पराको संरक्षण, सीपको पुस्ता हस्तान्तरण र नेपाली संस्कृतिको संरक्षणमा पनि टेवा पुर्याउँछ ।

त्यसो त हराउँदै जान थालेको परम्परागत सीपलाई जीवित राख्न देशका विभिन्न सामुदायिक विद्यालयहरुले सिकाउन थालेका छन् । सधैं किताब-कापीको भारी बोकेर स्कुल हिँड्ने विद्यार्थी शुक्रबार नजिकिएसँगै व्यावहारिक ज्ञान सिक्न पाएपछि खुसी हुन थालेका छन् । काठमाडौं महानगरपालिकाले शिक्षामा सीप योजनालाई अघि सार्दै हरेक शुक्रबार कक्षा १० सम्म 'बुक फ्री डे' बनाउनुपर्ने नियम लागू गरिसकेको छ । आधुनिकता र सहरीकरणले बिर्साउन लागेका परम्परागत सीप र ज्ञान सिकाउने थलो बनेको छ । सहरी क्षेत्रमा जन्मिएको र यहीं हुर्किएका विद्यार्थीले किताबबाहेक व्यावहारिक ज्ञान सिक्न पाउँदैनन् । समाजका परम्परात सीप, रहनसहन र संस्कृति केही पनि बुझ्न पाउँदैनन् । तर, त्यस्ता विद्यार्थीलाई लक्षित गर्दै सामुदायिक विद्यालयले परम्परागत संस्कृति र सीप सिकाउनुलाई शुभ संकेत मान्न सकिन्छ । काठमाडौं महानगरले र ैथाने तथा परम्परागत र व्यावहारिक सिकाइका लागि भन्दै शुक्रबारलाई 'बुक फ्री डे' पनि बनाएको छ । यस दिन झोलामा किताब बोकेर जानु नपर्ने र विद्यार्थीलाई मनोरञ्जनमूलक, संस्कृति र सीपमूलक कक्षा विद्यालयले सञ्चालन गरिरहेका छन् ।

पुरानो पेसा-व्यवसायबारे ज्ञान दिने, विद्यार्थीलाई नै सामेल गराएर सिकाउने, संस्कृति तथा बाजागाजा बजाउन सिकाउने, विद्यार्थीमा भएको प्रतिभा उजागर गर्नेलगायत ज्ञान सामुदायिक विद्यालयले थालेको कदम स्वागतयोग्य छन् । स्कुल तहमा मात्रै होइन, नेपालको रैथाने सीप र प्रविधिको सस्थागत विकासका लागि प्रयास हुनु राम्रो मान्न सकिन्छ । रैथाने सीप, कला र संस्कृतिलाई सम्बोधन गर्न नसकेको भन्दै मौलिक ज्ञान, कला, सीप, संस्कृति र सम्पदा जगेर्नाले परम्परागत सीप एक पुस्ताबाट अर्कोमा हस्तान्तरण हुँदै जान्छ । स्थानीय तहका साना-साना प्रयासले पनि धिपधिप हुन थालेका हाम्रा सीप र श्रमको जगेर्ना गर्न मद्दत पुर्याउँछ ।

त्यसकारण स्थानीय रूपमा उपलब्ध यस्ता प्राकृतिक स्रोतसाधनहरूको अधिकतम उपयोग र सोसँग सम्बन्धित विभिन्न ज्ञान, प्रविधि र सीपको संरक्षण, संवर्द्धन र आधुनिकीकरणद्वारा कृषि तथा घरेलु उत्पादनमा अभिवृद्धि ल्याउनु वर्तमान सन्दर्भमा टड्कारो आवश्यकता देखिन्छ । त्यति मात्र नभई नेपाल अन्तर ाष्ट्रिय जैविक विविधता महासन्धिको सदस्यसमेत भएको नाताले पनि जैविक विविधता संरक्षण, त्यसको दिगो उपयोग र त्यसबाट स्थानीय तहसम्म समुचित अवसर र फाइदा पुग्ने व्यवस्थाजस्ता मूलभूत कुराहरूबाट लाभ उठाउन सकिन्छ । *(स्रोत: कारोबारदैनिक)*

# ज्ञानदीप शिक्षा निकेतनका अभिभावक सम्मानित

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५ स्थित ज्ञानदीप शिक्षा (जीएस) निकेतनको २३ औं अभिभावक दिवस बिहिवार सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष रमिला सापकोटाको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा वार्षिकोत्सव समारोह भएको हो ।

अभिभावक दिवस समारोहमा विद्यालयका प्रिन्सीपल ईश्वरप्रसाद लामिछानेले विद्यालयको अवस्थाका बारेमा जानकारी दिनुभएको थियो । एक हजार पाँच सय ४८ जना विद्यार्थी अध्ययनरत जिएस निकेतन मावि अभिभावककै लगानीमा सञ्चालित विद्यालय भएको प्रिन्सीपल लामिछानेले स्पष्ट पार्नुभयो । एसएलसी/एसईईमा राम्रो नतिजा हासिल गरेको विद्यालयले विद्यार्थीलाई रचनात्मक ढंगले सिकाउने प्रयास गरिरहेको प्रिन्सीपल लामिछानेले बताउनुभयो । बालबालिकाले मोबाइल चलाउने नभई मोबाइलले बालबालिका चलाइरहेको उल्लेख हुँदै प्रिन्सीपल लामिछानेले अहिलेको प्रमुख चुनौति नै मोबाइल भएको बताउनुभयो ।

अभिभावक दिवसको अवसरमा ६ जना अभिभावकलाई सम्मान गरिएको छ । विद्यालयमा नियमित उपस्थित भएर सकारात्मक सल्लाह, सुझाव दिने, आफ्ना बालबालिकाको उचित ध्यान दिने, विद्यालयसँग सहकार्य गर्ने अभिभावकलाई विद्यालयले सम्मान गरेको हो । अभिभावक भेलाको अवसरमा पूर्वविद्यार्थी, वर्षको उत्कृष्ट विद्यार्थी, वार्षिक परीक्षामा कक्षागत प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । अभिभावक दिवसको अवसरमा उत्कृष्ट शिक्षक, कर्मचारी, उत्कृष्ट क्लबलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ५ नम्बर वडा अध्यक्ष सुशील घिमिरे, ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष ऋषिराम पोखरेल, पूर्वअध्यक्षहरु केशवबहादुर श्रेष्ठ, पिताम्बर वास्तोलाको पनि आतिथ्य रहेको थियो ।

# लागुऔषधसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषधसहित २ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । मकवानपुर प्रहरीले बिहिबार बिहान हेटौंडा-१५, रातोमाटेबाट १० किलो २०० ग्राम लागूऔषध गाँजासहित सर्लाही जिल्लाको बागमती नगरपालिका-१२ का १९ वर्षीय निशान गोलेलाई प्रहरीले पक्राउ गरेको हो । बिहिबार बिहान साढे ७ बजेको समयमा हेटौंडाबाट बिराटनगरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख ०४५३ नम्बरको यात्रुवाहक बसलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा बसमा सवार गोलेले बोकेको झोलामा १० किलो २०० ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ । गोलेलाई हिरासतमै राखी अनुसन्धान गर्न मकवानपुर जिल्ला अदालतले जिल्ला प्रहरी कार्यालयलाई ८ दिनको म्याद दिएको छ ।

यस्तै बुधबार बिहान साढे ९ बजेको समयमा हेटौंडा-१५ रातोमाटेबाटै मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिका-२ का ४४ वर्षीय जगत बहादुर थोक्रालाई ५ केजी १०० ग्राम गाँजासहित पक्राउ गरेको छ । नारायणगढबाट बिराटनगरतर्फ जाँदै गरेको मे १ ख ३१७१ नम्बरको यात्रुवाहक बसलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा बसमा सवार थोक्रालाई प्रहरीले गाँजासहित पक्राउ गरेको हो ।

# मकवानपुरबाट ६ हजारभन्दा बढीले एसईई दिँदै

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) मा मकवानपुर जिल्लाबाट ६ हजारभन्दा बढी विद्यार्थी सहभागी हुने भएका छन् । जिल्लाका ३९ वटा संस्थागत र ९९ वटा सामुदायिक विद्यालयका ६ हजार १ सय ६३ जना विद्यार्थीले एसईईको फर्म भरेका हुन् ।

यस वर्षको एसईई परीक्षा जिल्लाका २६ वटा परीक्षा केन्द्रबाट सञ्चालन हुनेछ । हेटौंडा उपमहानगरपालिकाभित्र १४ वटा र अन्य पालिकामा १२ वटा परीक्षा केन्द्र रहने शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो ।

जिल्लाका सबै विद्यालयले विद्यार्थीहरुको एसईई परीक्षा फर्म बुझाइसकेको उहाँले बताउनुभयो । विद्यार्थीहरुको सहजताका लागि जिल्लाका १० वटा स्थानीय तहमध्ये ९ वटामा परीक्षा केन्द्र कायम गरिएको उहाँले बताउनुभयो । कैलाश गाउँपालिकामा परीक्षा केन्द्र तोक्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो ।

# भानु मावि व्यवस्थापन समितिका लागि १० जनाको उम्मेदवारी

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिका-३, मकान्चुलीस्थित भानु माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिका लागि निर्वाचन हुने भएको छ । आइतवार भएको अभिभावक भेलाले २ जना महिला र २ जना खुला सदस्यमा सर्वसम्मत चयन गर्न नसकेपछि निर्वाचन हुन लागेको विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापाले जानकारी दिनुभयो ।

व्यवस्थापन समिति सदस्यका लागि १० जना अभिभावकको उम्मेदवारी परेको छ । अभिभावकहरु श्यामबहादुर पाखिन, लक्ष्मण भट्टराई, दिलिप लोप्चन, सावित्री दुलाल, रुक्मणि ढुङ्गाना, हेमबहादुर योञ्जन, सन्तु थिङ पाखिन, हेमकुमारी सञ्जेल, उमेश अधिकारी र खिलप्रसाद चौलागाईको उम्मेदवारी परेको हो । निर्वाचन कार्यक्रमअनुसार मंगलबार उम्मेदवारी दर्ता तथा नामावली प्रकाशन, बुधवार उम्मेदवारी फिर्ता, बिहीवार दाबी बिरोध, अन्तिम नामावली प्रकाशन र चुनाव चिन्ह वितरण गरिनेछ । आइतवार बिहान ११ बजेदेखि २ बजेसम्म निर्वाचन हुनेछ र सोही दिन नतिजा प्रकाशन गरिने प्रधानाध्यापक थापाले जानकारी दिनुभयो । कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा हाल ५ सय २५ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

# सहकारीले समाजको विकासमा सहयोग गर्छः मन्त्री लामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामाले सहकारीले समाज विकासमा सहयोग गर्ने बताउनुभयो । बिहीबार हेटौंडा-८ स्थित सर्वोत्तम सञ्चित बचत तथा ऋण सहकारी संस्थाको पाँचौ स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री लामाले सहकारीले समाजको हैसियत र ख्ने बताउनुभयो ।

मन्त्री लामाले वि.स २०१३ सालबाट सहकारीको विकास भएको बताउँदै बीपीले गाउँगाउँमा सहकारी घरघरमा भकारीको अवधारणा ल्याएको उहाँको भनाइ छ । समाजको आर्थिक क्रियाकलापमा सहकारी क्षेत्र नजिक रहने हुँदा आर्थिक कमजोरी भएकाहरुलाई उत्पादनसँग जोडेर आर्थिक वृद्धिमा योगदान हुने बताउनुभयो । सहकारीको नियमन र अनुगमन स्थानीय सरकारसँगै प्रदेश सरकारले समेत गर्ने भएकाले नीति र विधिमा रहेर सबै सहकारीहरु सञ्चालन हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सहकारी नेपालको प्रभावकारी भएको तर पछिल्लो समय सहकारीमा देखिएको विकृतिले समस्या उत्पन्न हुँदै गएकोले त्यस्तो कार्य अन्य गर्नुपर्नेमा जोड दिनुभयो । प्रदेश सरकारले समस्याग्रस्त भएका सहकारीहरुको अवस्था बुझ्न र अनुगमन गर्न एक समितिसमेत गठन गरी कार्य अघि बढाइसकेको उहाँले बताउनुभयो । उहाँले सहकारीले मिटर ब्याजीको जस्तो कार्य गरेमा कानुनी दायरामा ल्याई कारवाही गरिने भन्दै सहकारीमार्फत् नै अर्थतन्त्र चलायमान हुन विश्वास व्यक्त गर्नुभयो ।

सहकारीका अध्यक्ष रामबहादुर बस्नेतले सहकारीले स्थापनाको १० वर्षमा उद्योग सञ्चालन गरी सेयर सदस्यहरुलाई पेन्सन दिने अवधारणा राखेर अघि बढेको बताउनुभयो । सहकारीको स्थापना स्वच्छ खाना मानिसलाई उपलब्ध गराउन भएको उहाँले बताउनुभयो । सहकारीले आफ्नै दैनिक भान्सामा प्रयोग हुने तोरीको तेल, बेसार, फापरको पिठो, ग्रीन टि, बाटे धुपलगायत विभिन्न वस्तुहरु उत्पादन गरी बिक्री गर्दै आएको छ ।

समृद्ध प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

**मकवानपुर बाल विद्या सदन**
**हेटौंडा-१८, खड्कुले**

श्री अभिभावक ज्यू,

विविध साँस्कृतिक कार्यक्रम तथा कला एवम् पुस्तक प्रदर्शनीसहित सम्पन्न हुन गइरहेको यस विद्यालयको १७ औं वार्षिक अभिभावक दिवसका अवसरमा उपस्थित भई नानीबाबुहरुको हौसला बढाइदिनुहुन हार्दिक आमन्त्रण गर्दछौं ।

**कार्यक्रमः**
मितिः २०८० माघ २६ गते, शुक्रबार
समयः बिहान १०:३० बजे
स्थानः विद्यालयको प्राङ्गण

मिति २०८०/१०/९ मा यसै दैनिक पत्रिकामा प्रकाशित शिक्षक आवश्यक्ताको सूचनामा तोकिएको समय अवधी भित्र प्राप्त निवेदनको आधारमा निम्न लिखित उम्मेदवारहरु सर्टलिस्टमा छनौट भएको व्यहोरा फोन मार्फत सम्बन्धित उम्मेदवारलाई जानकारी गराइ सकिएको छ । जानकारी अनुरुप मिति २०८० माघ १९ गते दिनको १:३० बजे विद्यालयमा उपस्थित हुन अनुरोध छ ।

सर्टलिस्टमा पर्न सफल उम्मेदवारहरु
१. सबिता राई
२. सिफारा घलान
३. अनिता स्याङ्तान
४. लक्ष्मी कुमारी
५. पुष्पा बिडारी
६. प्राशना आचार्य
७. कृतिका खड्का

# जीप दुर्घटना हुँदा २ जना भुटानी नागरिकको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-१, दोरिममा जीप दुर्घटना हुँदा २ जना भुटानी नागरिकको मृत्यु भएको छ । मृत्यु हुनेमा ३३ वर्षीय अग्ने र ७१ वर्षीय वाङ्मो रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार किउलबाट खारपाङ जाने भित्री सडक खण्डमा किउलबाट मेलाम्चीतर्फ जाँदै गरेको बा २ च ४४५० नम्बरको ल्याण्डक्रुजर जिप सडकबाट ५० मिटर तल खसी दुर्घटना हुँदा २ जनाको घटनास्थलमा नै मृत्यु भएको र चालकसहित ५ जना घाइते भएका थिए । घाइते सबैलाई वडा स्वास्थ्य चौकीमा उपचारपश्चात् थप उपचारका लागि हेलिकप्टरमार्फत् काठमाडौं लगिएको प्रहरीले जनाएको छ ।




समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

**सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लि.को**
**विविध सामान खरिद गर्नेसम्बन्धी सूचना**
सूचना प्रकाशित मितिः २०८०/१०/१९

यस सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लि. का लागि तपसील बमोजिमको ल्यापटप र प्रिन्टर खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दररेट पेश गर्नुहुन आधिकारिक बिक्रेताहरुलाई जानकारी गराइन्छ ।

1) Laptop (13 Genaration, 14 inch screen, 512, M2 hard disk, 8 GB RAM, white color)
2) Printer (printer/scan/copy/wifi/network)

**सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-५, पिप्ले**
**०५७-५२५९५२**

**निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा सम्बन्धी सूचना**

यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं वार्षिक साधारण सभा मिति २०८० माघ २० गते राखिएको जानकारी गराउन चाहन्छौं साथै जानकारी नपाउनु भएका सम्पूर्ण निर्माण व्यवसायी ज्यूहरुलाई यसै सूचनालाई आधार मानी उपस्थित भैदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
मितिः २०८० माघ २० गते
समयः बिहान ८:०० बजे
स्थानः मोटल एभोकाडो एण्ड आर्किड रिसोर्ट, हेटौंडा-२

**राजेन्द्र प्रसाद चौलागाई**
**महासचिव**
**निर्माण व्यवसायी संघ मकवानपुर परिवार**

**जग्गा भाडामा चाहियो ?**



हेटौंडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।
**सम्पर्क नम्बरः ९८४९४५४६८३**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)



खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## मकवानपुर गोल्डकप फुटबल

# मछिन्द्रलाई हराउँदै एपीएफ क्वाटरफाइनलमा




समाज संवाददाता

हेटौंडाः हेटौंडा-६ स्थित गौरीटार रंगशालामा जारी छैटौं संस्करणको स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगितामा सशस्त्र प्रहरीको एपीएफ क्लब क्वाटरफाइनलमा प्रवेश गरेको छ। जिल्ला फुटबल संघको आयोजना तथा हेटौंडा-१५ स्थित न्यु डाँफे युथ क्लबको व्यस्थापनमा भएको खेलमा एपीएफले मछिन्द्र क्लब काठमाडौंलाई टाइब्रेरमा ४-३ गोल अन्तरले हराउँदै क्वाटरफाइनलमा प्रवेश गरेको हो ।

निर्धारित समयमा १-१ गोलको बराबरी भएपछि नतिजाको लागि टाइब्रेकरको सहायता लिनु परेको थियो । पहिलो हाफको ३९ औं मिनेटमा एपीएफका जर्सी नम्बर १८ का खेलाडीले गोल गर्न सफल भएका थिए । मछिन्द्रको तर्फबाट दोस्रो हाफको २७ औं मिनेटमा सौरव लिम्बुले प्रहार गरेको बललाई विमल घर्ती मगरले गोल गर्दै खेललाई बराबरीमा ल्याउन सफल भएका थिए । एपीएफले क्वाटरफाइनलमा थ्रिस्टार क्लब ललितपुर सँग प्रतिस्पर्धा गर्नेछ ।

खेलको म्यान अफ द म्याच एपीएफका गोलरक्षक एन्जल श्रेष्ठ भएका छन् । १२ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा ३ वटा टिम बाहिरिइसकेको छ। आज शुक्रबार राजारानी क्लब धनकुटा र चर्च ब्वई युनाइटेटबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल यही माघ २७ गते हुनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । सर्वोकृष्ट खेलाडीका लागि हेटौंडा-४ का व्यवसायी सन्तोष गौतमले ३ सय ५० सीसीको रोयल इन्फिल्ड बाइक प्रायोजन गर्नुभएको छ । अन्य विधागत उत्कृष्ट खेलाडीले २५-२५ हजार रुपैयाँ र म्यान अफ द म्याच हुने खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# ७ स्थानमा निःशुल्क आँखा शिविर हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडाका लायन्स क्लबहरुको संयुक्त आयोजनामा ७ स्थानमा निःशुल्क आँखा शिविर हुने भएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा मकवानपुर, बारा र सर्लाही जिल्लाका ७ स्थानमा निःशुल्क आँखा जाँच शिविर तथा निःशुल्क मोतिविन्दुको शल्यक्रिया गर्ने भएको हो ।

माघ २० गतेदेखि २३ गतेसम्म विभिन्न स्थानमा शिविर हुने भएको छ । माघ २० गते शनिवार मकवानपुरगढीको शिखरकटेरीमा शिविर हुनेछ । माघ २१ गते मकवानपुरको बागमती गाउँपालिकाको राईगाउँ र बारा जिल्लाको इनर्वामा शिविर हुनेछ । यस्तै, माघ २२ गते सर्लाहीको रामनगर र मकवानपुरको बुढीचौरमा शिविर हुनेछ भने माघ २३ गते बाराको हरिपुर र मकवानपुरको पाथीभरामा निःशुल्क आँखा शिविर हुने भएको छ ।

७ स्थानमा हुने शिविरबाट क्लबले एक हजार ६ सय जनाको आँखा परीक्षण गर्ने लक्ष्य बनाएको छ। जाँच गरिएका मध्ये करिब २ सय ९० जनामा मोतिविन्दुको समस्या हुनसक्ने अनुमान गरिएको छ । मोतिविन्दु देखिएका व्यक्तिलाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया गरी चस्मासमेत वितरण गरिने भएको छ। आँखाका रोगीले पुनः उज्यालो संसार देख्न पाउन् भन्ने उद्देश्यले शिविर आयोजना गरेको बताइएको छ ।

लायन्स क्लब ३२५ ए एरिया २ मकवानपुरको आयोजनामा शुक्रबार र शनिबार हेटौंडाको पल्पसा सभाहलमा तेस्रो क्याबिनेट मिटिङ हुने भएको छ । कार्यक्रममा मकवानपुरको पर्यटकीय स्थलहरुको बारेमा छलफल तथा जानकारी गराइनेछ। बैठकमा काठमाडौं, वीरगञ्ज र मकवानपुरका लायन्सका पदाधिकारीहरुको सहभागिता हुने लायन्स क्लब ३२५ ए एरिया २ मकवानपुरका जेपी यादवले जानकारी दिनुभयो। बैठकमा डिष्ट्रिकअन्तर्गत् रहेका क्लबहरुले गरेका सामाजिक क्रियाकलापहरुको रिपोर्टिङ गरेर उत्कृष्ट क्लबहरुलाई सम्मानसहित पुरस्कार वितरण गरिने यादवले बताउनुभयो ।

माघ २० गते हुने भेलामा लायन्स क्लब इन्टरनेशनलसँग हेटौंडा सामुदायिक आँखा अस्पताललाई एक लाख अमेरिकी डलर बराबरको भवन निर्माणका लागि सहयोग प्रस्ताव गरिने भएको छ ।

# दुर्घटनामा चेपाङको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरी-६, सुनादेवीमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ। बिहिबार साँझ ७ बजेर ४० मिनेटको समयमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना ७ ख १७९६ नम्बरको ट्रकले विपरित दिशाबाट जाँदै गरेको बागमती प्र ०६ ००१ प ४५३७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुर्घटना भएको थियो ।

दुर्घटनामा परी मोटरसाइकल चालक चितवन जिल्लाको माडी नगर पालिका-१२ का २० वर्षीय कोरेस चेपाङ गम्भीर घाइते भएका थिए । चेपाङलाई उपचारका लागि चितवनस्थित पुरानो मेडिकल कलेज लगिएकोमा बिहिबार राती ८ बजेर ४० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । ट्रक चालक फरार रहेको र ट्रक चालकको खोजी कार्य भइरहेको प्रहरीले उल्लेख गरेको छ ।

# वार्षिक उत्सवमा प्रदेशसभा सदस्य र कर्मचारी सम्मानित

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा स्थापनाको छैटौं वर्ष पूरा गरेको अवसरमा प्रदेशसभा सदस्य र प्रदेशसभा सचिवालयका कर्मचारी सम्मानित भएका छन्। बिहीबार प्रदेशसभा सचिवालय हेटौंडाले छैटौं वार्षिकोत्सव समारोहमा सम्मानित गरेको हो ।

सम्मानित हुनेमा प्रदेशसभा सदस्यहरु गीता गुरुङ, मधुसुदन पौडेल, माया श्रेष्ठ, रामप्रसाद ढुङ्गाना र लक्ष्मी श्रेष्ठ रहनुभएको छ । सम्मानित हुने प्रदेशसभाका कर्मचारीहरुमा कानुन अधिकृत मनोज गुप्ता र कम्प्युटर अधिकृत रोशन प्रधान रहेका छन् । गुप्ता र प्रधानलाई नगद २० हजार रुपैयाँसहित सम्मान गरिएको हो । यस्तै, कम्प्युटर अप्रेटर सरिता घिमिरेलाई १९ सजार ५ सय रुपैयाँ, हलुका सवारी चालक सन्तोष राईलाई १९ हजार रुपैयाँ र कार्यालय सहयोगी मीना ओझालाई १९ हजार रुपैयाँसहित सम्मान गरिएको छ ।

संघीयता कार्यान्वयनपश्चात् २०७४ माघ १८ गते प्रदेशसभाको पहिलो बैठक बसेको दिनलाई सचिवालयले वार्षिक उत्सवको रुपमा मनाउँदै आएको छ । प्रदेश प्रमुख यादवचन्द्र शर्माको प्रमुख आतिथ्य तथा सभामुख भुवनकुमार पाठकको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा मुख्यमन्त्री शालिकराम जम्कट्टेलको विशेष आतिथ्य रहेको थियो । कार्यक्रममा प्रदेश सरकारका विभागीय मन्त्री, सांसद, मन्त्रालयका सचिव, सचिवालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# अक्षयकोषमा २ लाख सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, चौघडास्थित बंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)को छात्रवृत्ति तथा विषयगत सहयोग अक्षयकोषका लागि पूर्वविद्यार्थीहरुले २ लाख सहयोग गर्नुभएको छ। बिहीबार हेटौंडा-६, चौघडा शान्तिटोल घर भई हाल काठमाडौं बसोबास गर्ने डा. रमेश चौलागाई र शान्तिटोल घर भई हाल क्यानडा बसोबास गर्ने भरत सापकोटाले अक्षयकोषमा एक-एक लाख रुपैयाँ सहयोग गर्नुभएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद श्रेष्ठले जानकारी दिनुभयो ।

विद्यालयले गत पुस २१ गतेबाट छात्रवृत्ति तथा विषयगत सहयोग अक्षयकोषको सुरुवात गरेको थियो। सोही दिन अक्षयकोषमा ७ लाख २३ हजार ५ सय ६६ रुपैयाँ संकलन भएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद श्रेष्ठ र प्रधानाध्यापक रमेशप्रसाद लामिछानेको उपस्थितिमा चौलागाई र सापकोटाको परिवारका सदस्यहरुले सहयोग रकम हस्तान्तरण गरेका छन् । कार्यक्रममा विद्यालयका शिक्षकहरुको पनि उपस्थिति रहेको थियो । कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा हाल एक हजार एक सय जना विद्यार्थी अध्ययनरत छन्। विद्यालयले अक्षयकोषका लागि अन्य दाताहरुलाई पनि सहयोगका लागि आग्रह गरेको छ ।

# गढीका १० विद्यालयबाट २९७ जनाले एसईई दिने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुर गढी गाउँपालिकाबाट यस वर्ष २ सय ९७ जना विद्यार्थीले एसईई परीक्षा दिने भएका छन् । गाउँपालिकामा रहेका १० वटा माध्यमिक विद्यालयबाट २ सय ९७ जना विद्यार्थीले परीक्षा दिने गाउँपालिकाका विद्यालय निरीक्षक दाशरथी उपाध्याय भण्डारीले जानकारी दिनुभयो ।

गाउँपालिकाको भानु माविबाट ४७, चण्डिका माविबाट २३, शारदा माविबाट ६८, वंशगोपाल माविबाट ३३, जाल्पादेवी माविबाट २२, जनक माविबाट १९, जनता माविबाट २८, रुपनारायण माविबाट १६, मनकामना माविबाट १३ र रानिशेरा माविबाट २८ जना विद्यार्थीले एसईई परीक्षा दिने भण्डारीले जानकारी दिनुभयो । गत वर्षको एसइई परिक्षामा ९५.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए। ग्रेडवृद्धितर्फ यसवर्ष एक जना पनि विद्यार्थी नरहेको उहाँले जानकारी दिनुभयो । एसईईका लागि विद्यार्थीहरुले तयारी गरिरहेको र विद्यालयहरुले अतिरिक्त कक्षा सञ्चालन गराउँदै आएको छ ।

मकवानपुरगढीका विद्यालयहरुमा माघ २५ गतेबाट एसईईको अभ्यास परीक्षा सुरु हुनेछ। विद्यार्थीले गाउँपालिकाले दिएको प्रश्नपत्रअनुसार परीक्षा दिनेछन् । पहिलो त्रैमासिक परीक्षाको तुलनामा दोस्रो त्रैमासिक परीक्षाको नतिजामा सुधार आएको निरीक्षक भण्डारीले जानकारी दिनुभयो ।

मकवानपुरगढीमा आधारभूत (कक्षा ५ सम्मका) विद्यालय २० वटा, आधारभूत (कक्षा ८ सम्मका) विद्यालय ७ वटा र माध्यमिक विद्यालय १० वटा रहेको उहाँले जानकारी दिनुभयो । मकवानपुरगढीमा आधारभूत विद्यालयमा तीन हजार ७ सय ८२ जना र माध्यमिक विद्यालयमा दुई हजार ८ सय गरी छ हजार ५ सय ८२ जना विद्यार्थी रहेको निरीक्षक भण्डारीले जानकारी दिनुभयो ।

## बीमा पोलिसी हराएको सूचना

हेटौंडा–१५, शिखरपानी निवासी हिरालाल स्याङतानको LIC शाखामा रहेको जीवन बीमा लेख (पोलिसी नं. १६०००६३८७) मिति २०८० साल माघ १५ गतेका दिन घरबाट बजार आउने क्रममा हराएको हुँदा कहिँकतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्कः ९८५५०७०११५

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community




के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
Email:sambridhasamaj@gmail.com

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

छैठौं स्थानीय तह सहीद स्मृति अन्तर्राष्ट्रिय गोल्डकप फुटबल-२०८०

आजको खेल

नेपाल पुलिस क्लब VS राजारानी क्लब

समयः दिनको ठिक २:०० बजे

स्थानः गौरिटार रंगशाला

हेटौंडा-६, मकवानपुर



आयोजक

मकवानपुर जिल्ला फुटबल संघ

## सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँचवर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं । मञ्जुरी बिना भएको विवाह, हाडनातामा भएको बिवाह, बहूविवाह, गर्नु गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं । भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं ।

प्रदेश सरकार
बागमती प्रदेश
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ